# प्रेस विज्ञप्ति

आज मिति २०७६/१०/१८ गते विहान १०:०० बजे देखी ऐ.ऐ. ०४:०० बजे सम्म स्थानिय तहका प्रमुख, उप-प्रमुखहरुको उपस्थितीमा जिल्ला स्तरीय समन्वय वैठक संचालन गरी धनगढी उप-महानगरपालिकाको साथी होटलमा सम्पन्न भएको छ । धनगढी उप- महानगरपालिकाका नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा संन्चालन र समापन भएको समन्वय वैठकमा जिल्ला समन्वय समिति, कैलालीका प्रमुख श्री सुर्य बहादुर थापा ज्यू ले प्रमुख आतिथ्यता गर्नु भएको थियो ।

कैलाली जिल्लाका साझा सवाल लागु औषध नियन्त्रण, अव्यवस्थित मदिराको विक्री वितरणको नियन्त्रण र व्यवस्थापन, लैङ्गिक समनता, मानव वेचविखन नियन्त्रण सम्बन्धमा समन्वय वैठकमा छलफल भएको थियो ।

समन्वय वैठकमा लागु औषध नियन्त्रण सम्बन्धमा जानकारी समेत आदान प्रदान गरिएको थियो । साथै कर्णाली नदीमा पानी जहाज सन्चालन गर्ने सम्बन्धमा समेत छलफल गरिएको थियो।

स्थानीय तहाका प्रमुख, उप- प्रमुखबाट उल्लिखित विषय उपर, अनुभव र राय समेत उपलब्ध भएको छ ।

वैठकमा नयाँ खोज र अनुसन्धानका अभियान्ता र म्यागेसेसे पुरस्कारका बिजेता श्री महाविर पुनलाई अतिथिको रुपमा स्वागत गरि उहाँलाई मायाको चिनो समेत वैठकको अध्यक्षता गर्नु भएका नगर- प्रमुखले प्रदान गर्नु भएको थियो ।

महाविर पुनले खोज र अनुसन्धान तथा आविष्कारलाई उद्धम व्यवसाय र व्यापारमा परिवर्तन हुन सकेमा देशले गरिबीबाट मुक्ती पाउने धारणा राख्नु भयो । नेपाल गरिब हुनु, अमेरीका धनी र औद्यौगिक राष्ट्र हुनुमा देशको कमजोरी नभै नेपालले नयाँ खोज आविष्कार कम गरी उद्योग व्यापारको बढोत्तरी गर्न नसक्नु र निर्यातको अवस्था कमजोर बन्नु, अमेरिकाले बार्षिक एक हजार भन्दा बढी नयाँ आविस्कार गरी त्यस आविस्कारलाई उद्यममा परिणत गरी व्यापार बढाएको रहस्य कार्यक्रममा खुलासा गरियो । उल्लिखित आधारमा अमेरिका व्यापारमा अब्बल र नेपाल आयात मुखी बन्नु परेको हो ।

वैठकमा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख र संन्चारकर्मीहरुको समेत उपस्थिती थियो ।

जिल्ला स्थित सामाजिक सवालहरुमा छलफल गरी आवश्यक विषयमा सर्वसम्मती समेत गरिएको छ । धनगढी उप-महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नारायण प्रसाद सापकोटाले कार्यक्रम उदघोषण संन्चालन गर्नु भएको र वैठकमा जिल्ला स्थित सबै स्थानिय तहका प्रशासकीय प्रमुख र अधिकृत कर्मचारीहरुको समेत उपस्थिती थियो । अर्को समन्वय वैठक जिल्ला समन्वय समितिको समन्वयमा मिति २०७६ फाल्गुन २६ गते टिकापुर नगरपालिकामा संन्चालन गर्ने तय गरिएको छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

ईति संवत २०७६ साल माघ १८ गते रोज ७ शुभम्..........................................................।